लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३


# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

"होटल जोमसोम प्राइड"

मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।



जोमसोम मुस्ताङ,०६९-५४००८३,९८२४७२३१३६

वर्ष ७, अंक ८ २०८२ भदौ २० गते शुक्रबार (Friday 05 September 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु

# म्याग्दीको कृषि तथा पशुको क्षेत्रमा खर्च हुने बजेट

**म्याग्दी नेपाल**



आर्थिक वर्ष २०८२/०८३ मा हिमाली जिल्ला म्याग्दीमा कृषि तथा पशुको क्षेत्रमा गण्डकी प्रदेश सरकारको बजेट के कती हुने भन्ने सार्वजनिक गरिएको छ । गण्डकी प्रदेश सरकार तथा संघीय सरकार अन्तर्गतका तीनवटा कार्यालयहरूले आफ्नो वार्षिक कार्यक्रमहरूमा भएको बजेटको बिस्तृत बिबरण सार्वजनिक गरेका हुन् । गत सोमबार जिल्ला समन्वय समिति म्याग्दीको सभाहलमा तीन वटा कार्यालयले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा चालु आर्थिक वर्ष २०८२/०८३ मा जिल्लामा सञ्चालन हुने कार्यक्रमहरू सार्वजनिक गरिएको थियो ।

सोमबार कृषि ज्ञान केन्द्र म्याग्दी र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीले संयुक्त रूपमा आयोजना गरेको आर्थिक वर्ष ०८१/८२ को वार्षिक समीक्षा तथा चालु आथिक वर्षमा सञ्चालन हुने कार्यक्रमहरूको सार्वजनिकीकरण कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई म्याग्दी/मुस्ताङले पनि आफ्नो कार्यक्रमको समीक्षा र सार्वजनिक गरेको थियो । उक्त कार्यक्रममा म्याग्दी जिल्लास्थित राजनीतिक दल, जनप्रतिनिधि, सरोकारवाला र किसानहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा प्रस्तुतीकरणसहित कृषकहरूले आफ्नो धारणा राख्नुका साथै गुनासा र प्रतिकृया पनि जनाएका थिए ।

कार्यक्रममा गत वर्षको समीक्षासहित यसवर्ष सञ्चालन हुने कार्यक्रम तथा बजेटको बारेमा कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बाँस्तोलाले आफ्नो प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँका अनुसार चालु आवमा किसानहरूलाई अनुदानमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नको लागि कृषि ज्ञान केन्द्र म्याग्दीमा कुल दुई करोड ८८ लाख २० हजार रूपैयाँ बजेट प्राप्त भएको छ । उक्त बजेटमध्ये नयाँ कृषि उद्यम विकास कार्यक्रमलाई २५ लाख, कालीगण्डकी करिडोर (लोकमार्ग) केन्द्रीत कार्यक्रमतर्फ कृषि उत्पादन तथा प्रवर्द्धन गर्न २० लाख, निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रमलाई १० लाख रूपैयाँ बजेट ब्यवस्था गरिएको छ ।

यस वर्ष केही फरक प्रकारको बजेट पनि ब्यवस्था गरिएको बाँस्तोलाको भनाई थियो । उहाँका अनुसार यस वर्ष विपद्बाट क्षति ब्यहोरेका किसानहरूलाई राहत दिनका लागि भनेर आठलाख रूपैंयाँ बजेट ब्यवस्था गरिएको छ । ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नको लागि पाँचलाख, जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रमतर्फ १० लाख, तरकारी बिऊ उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा २० लाख, फलफूल नर्सरी स्थापना र सञ्चालन गर्न १० लाख, फलफूल बगैँचा ब्यवस्थापन तथा सुदृढीकरणका लागि एक करोड दुईलाख, फलफूल बगैँचा स्थापना र विस्तारमा सातलाख ५० हजार र खाद्यान्न बाली प्रवर्द्धनतर्फ १५ लाख रूपैयाँ बजेट रहेको कृषि ज्ञान केन्द्र प्रमुख बाँस्तोलाले बताउनुभयो । कृषि प्रधान मुलुक भएको कारणले गर्दा कृषि तथा पशुको क्षेत्रमा आधुनिकिकरण आवश्यक पर्ने तर्फ कार्यक्रममा सहभागीहरूले आफ्नो धारणा राखेका थिए ।

ब्यावसायिक तरकारी खेती सहयोग कार्यक्रममा १७ लाख, सुन्तलाजात फलफूल बगैँचा स्थापना तथा विस्तारमा छ लाख, सुदृढीकरण गर्न १८ लाख ८० हजार, रैथाने तथा स्थानीय बाली विकासमा १५ लाख, ग्रामीण पोषण सुरक्षण कार्यक्रममा १५ लाख र आईपिएम कृषक पाठशाला कार्यक्रम सञ्चालन गर्नको लागि पाँचलाख रूपैयाँ बजेट आएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ ।

चालु आर्थिक वर्षमा कृषि समबन्धी विभिन्न समितिहरूको बेठक, मलको कोटा निर्धारण लगायतका लागि पनि बजेट ब्यवस्था गरिएको छ । कृषि मेशिनरी तथा यात्रीकरण मर्मत तालिम, अन्तरक्रीया गोष्टी, उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रम, विद्यालय कृषि शिक्षा कार्यक्रम, प्रयोगशाला सेवा तथा सञ्चालन, कृषि सम्बन्धि दिवस तथा प्रतियोगिता कार्यक्रम एवम् स्थानीय तहमा कृषि शिविरका लागि पनि बजेट ब्यवस्था भएको छ । आइपिएम कृषक पाठशाला सञ्चालन, उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने, समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागि टेक्नीकल ग्रुप मोनिटरीङ र कार्यक्रम सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाईका लागि पनि कृषि ज्ञानकेन्द्रमा बजेट ब्यवस्था भएको छ ।

गण्डकी प्रदेश सरकार अन्तरगतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत चालु वर्षमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नको लागि कुल एक करोड ६४ लाख रूपैयाँ बजेट प्राप्त भएको विज्ञ केन्द्रका सूचना अधिकारी सुभाष रेग्मीले जानकारी दिनुभयो । उक्त बजेट अन्तर्गत कालीगण्डकी करिडोर क्षेत्रमा पशुपन्छी तथा मत्स्य उत्थान कार्यक्रमतर्फ २० लाख, विपद्बाट पशुधनको क्षति भएमा राहतस्वरूप किसानलाई १० लाख, मत्स्य कार्यक्रम अन्तर्गत माछाका भुरा खरिद, ढुवानी र वितरण गर्नका लागि दुईलाख रूपैयाँ बजेट प्राप्त भएको उहाँले बताउनुभयो । कृत्रिम गर्भाधानबाट जन्मिएका पशुको नष्ल सुधारका लागि पाडापाडी र बाच्छाबाच्छी हुर्काउन प्रोत्साहनतर्फ तीनलाख, दुध उत्पादन प्रोत्साहन कार्यक्रमका लागि १० लाख, पशु चौपायामा पूर्णखोप अभियान सञ्चालन र ब्यवस्थापन गर्न ३५ लाख, खोपकर्ता-गणक र तथ्याङ्क ब्यवस्थापकको पारिश्रमिकमा २५ लाख, बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रमतर्फ १० लाख, चरन क्षेत्रमा पालिएका भेडा बाख्राको स्वास्थ्य प्रवर्द्धनमा तीनलाख र स्थानीय पशुपंक्षी संरक्षण गर्ने कार्यक्रमलाई पाँचलाख रूपैयाँ बजेट रहेको सूचना अधिकारी रेग्मीले जानकारी दिनुभयो ।

बाँकी अन्तिम पृष्ठमा

मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र

बालमन्दिर चोक, बेनी बजार म्याग्दी

प्रो. केशब पौडेल, सम्पर्क नम्बर:-9857628723




हामीकहाँ :-

मिनिटेलर, राईस मिल, थेन्स मेसिन, ब्याप कटर इण्डियन टनेल, नेपाली टनेल, स्प्रे ट्याङक, थोपा सिंचाई मोटरहरु बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।

प्रो.पुर्ण गौचन ९८५७६३०२७८

होटल हिलभ्यू, थकाली भान्साघर

पिपलचोक, बेनी, म्याग्दी

फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

सम्पादकीय

## सामाजिक उत्तरदायित्व

नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखा, नेपाल रेडक्रस सोसाइटी केन्द्रीय समितिको समन्वय तथा आइरिस रेडक्रसको आर्थिक सहयोगमा रघुगंगा गाउँपालिकाका चार वटा वडामा जीवीकोपार्जन सुधार कार्यक्रम भयो । यसरी भएको कार्यक्रम अन्तरगत पहिलो चरणमा छ सय हाराहारीले सुविधा लिएका थिए भने पछिल्लो चरणमा नौ सय १ जनाले प्रत्यक्ष लाभ लिए । नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखा तथा नेपाल रेडक्र सोसाइटी तथा आइरिस रेडक्रस सोसाइटीको आर्थिक सहयोगमा भएको उक्त कार्यक्रममा रघुगंगा गाउँपालिका २ का दुई सय ५८ जना, ३ वडाका दुई सय ४९ जना, ५ वडाका एक सय ५३ जना र ६ नम्बर वडाका दुई सय ४१ जना गरी कुल नौ सय एक जनालाई आर्थिक सहायता गरिएको थियो । नेपाल रेडक्रस सोसाइटी केन्द्रीय समितिका निर्देशक पुजा कोइरालाले सामाजिक तथा सामुदायिक विकास विभागले गरेको कार्यको बारेमा उच्च प्रसंसा सहित व्यक्त गरेका धारणले पनि नेपाली समाजमा रहेको निम्न आयस्तरका नागरिकको जीवनस्तर उकास्नका लागि खास धेरै समस्या र अप्ठ्यारो हुदैन भन्ने प्रष्ट हुन्छ । तर उहाँको धारणा अनुसार हेर्दा सँधै अरुले सहयोग मात्रै गरेर हुने हो कि होइन भन्ने तर्फ पनि सचेत हुन पर्ने देखाएको छ । यस्ता गविधिले सकारात्मकता संगै नगकारात्मक पाटो पनि उजागर गरेको पो छ कि भन्ने तर्फ पनि सोच्न आवश्यक भने पक्कै छ ।

परनिर्भरताको प्रश्रय दिने काम पनि हुन सक्छ अनुदानले भन्ने आवाजहरु पनि उठ्न थालेको देखिन्छ पछिल्लो समयहरुमा । सकारात्मक तबरले त्यसलाई लिएर सोही अनुरु प्रयोग भएको खण्डमा राम्रो हो तर कतिपय प्रसंगमा प्रयोग गर्नु पर्ने तर आफ्नो योगदान कुनै पनि प्रकारको नहुने जस्तो मानसिकताले भने सबैलाई गाज्न सक्ने पनि देखिन्छ । चालु आर्थिक वर्षका लागि सामाजिक सुरक्षा भत्ताका लागि नविकरण गर्नु पर्ने अवस्थाका बारेमा विभिन्न सञ्चार माध्यमहरुमा समाचार पनि आएका छन् । कतिपय देख्दा सुन्दा राम्रो लाग्न सक्छ तर त्यो गर्नु कति ठिक कति बेठीक हो भन्ने तर्फ पनि सोच्न पर्ने हुन्छ । कतिपय प्रसंगमा आफ्नो वडा भित्र बसोबास गर्नेहरुको लागि असक्त छन् भने घरमै पुगेर परिचयपत्र नविकरण गर्नु एक हद सम्म ठिकै हो । तर कहिल्यै वाड कार्यालय सम्म समेत नआउनेहरुलाई उनीहरु बस्ने गरेकै स्थान काठमाडौं, पोखरा, चितवन सम्म पुगेरै वडाले गरेको जुन नविकरणको काम छ त्यसका सन्दर्भमा सोच्नु पर्ने हुन सक्छ । यदि त्यो व्यक्तिले आफूले पाउने सुविधा लिनका लागि समेत आफ्नो वडा भित्र आइपुग्न समेत सक्दैन भने उसको नविकरण गरेर राज्यले रकम दिनु पर्ला र ? सुविधा लिने दिने सन्दर्भमा हरेक बहस होलान् तर एक पटक आफ्नो वडामा फर्केर त्यहाँ केही गर्न वा योगदान दिनै नसक्नेलाई किन राज्यले सुविधा उपलब्ध गराउन पर्ने ?

कतिपय सन्दर्भमा सामाजिक सुरक्षाका लागि आउनै नसक्ने खालका हुन् भने उनीहरुलाई जुन ठाउँमा बस्छन् त्यही स्थानको स्थानीय तहमा गएर नविकरणको व्यवस्था भयो भने हुन्छ । तर जब मानिसले आफूले सेवा लिने बैंक खाता मार्फत सुविधा लिने तर एक पटक वडा कार्यालयमा पुगेर आफ्नो परिचय अध्यावधिक सम्म गराउन सक्दैन भने त्यस्ता व्यक्तिहरुलाई सामाजिक सुरक्षाका नाउमा खर्च गर्न पर्ने कि नपर्ने ? परिचयपत्रका लागि अध्यावधिक गर्नका लागि कर्मचारीलाई खर्च हालेर पठायो अनि त्यसमाथि फेरी उनीहरुको खातामा पैसा हाल्ने लगायतका कार्यका लागि दोहोरो खर्च राज्यले गर्न पर्ने हो या होइन ? सामाजिक सुरक्षा भत्ताको नविकरणका सन्दर्भमा अब समयमै सोच्न आवश्यक छ । राज्यको राजश्व १२ खर्ब उठ्न अनि नियमित हुने चालु खर्च नै त्या भन्दा माथि पुगी सक्न लागेको अहिलेको अवस्थाले पनि के देखाउछ भने अब राज्यको दायित्व भित्रका चालु खर्च घटाउने तर्फ योजना बनाएर लाग्न पर्छ । भन्नेहरुले के भन्छन् भन्दा पनि राज्यका लागि दिर्घकालिन असर के कस्तो हुन्छ भन्ने पनि हो । यसैले गर्दा अब जुन वडा तथा पालिकाबाट सुविधा लिने हो उसले त्यस क्षेत्रमा स्थायी वा अस्थायी बसोबास भएको हुनु पर्ने । जस्तो कि भत्ता लिने समयमा जहाँबाट लिने हो भत्ता त्यही क्षेत्रको बासिन्दा मात्रै नभएर बसोबास अनिवार्य भएको हुनु पर्ने नै आवश्यक देखिन्छ ।

# कृषि र पर्यटन नै धवलागिरीको मेरुदण्ड

म्याग्दी जिल्लाको सबै भन्दा दुर्गम मानिने स्थानीय तहको धवलागिरी गाउँपालिका । यो गाउँपालिका मुस्ताङ, डोल्पा, रुकुम पूर्व, बागलुङ जिल्लाका साथै म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका र मालिका गाउँपालिका सँग सिमाना जोडिएको गाउँपालिका हो । नेपालमा संघीयता कार्यान्वयन गर्ने क्रममा साविकका गुर्जा गाविस, लुलाङ, मुना, मुदी, मराङ, मल्कवाङ र ताकम गाविसलाई समेटेर धवलागिरी गाउँपालिका बनाइएको हो । एक हजार ३७ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकाको जनसंख्याका हिसाबले हेर्दा वि.सं. २०७८ मा गरिएको जनगणना अनुसार १२ हजार छ सय १६ रहेको छ । धवलागिरी गाउँपालिकाको समग्र विकास तथा आगामी योजना र भौतिक पूर्वाधार विकास तथा अन्य कार्यहरुको बारेमा के कस्ता कार्य भएका छन् र आगामी योजनाहरु के कस्ता रहेका




छन् भन्ने विषयमा हामीले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिष्णुप्रसाद शर्मा सँग कुराकानी गरेका छौं । धवलागिरी गागउँपालिकाको बिस्तृत सअवस्थाका साथै योजना तथा कार्यक्रमका बारेमा अमृत बास्कुनेले गरेको कुराकानीको सम्पादीत अंश यहाँ प्रस्तुत गरीएको छः-

*धवलागिरी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा आउनु भएको छ के कसरी कामहरू अगाडी बढाउनु भएको छ ? अन्य योजनाहरू के कस्ता छन् काम गर्ने सन्दर्भमा ?*

सर्वप्रथम आफ्नो र गाउँपालिकाको बारेमा केही कुराहरू राख्ने मौका सृजना गरेर राख्नु भएको प्रश्नका लागि हजुरलाई धन्यवाद । म धवलागिरी गाउँपालिकाको कार्यालयमा हाजिर भएको धेरै समय भएको छैन । धेरै कुराहरूको बारेमा जानकारी लिने काम हुँदै छ मेरो । किन भने खासमा यहाँ हाजिर भएको म भर्खरै हो । तर पनि यस बीचमा समग्र गाउँपालिकाको प्रशासनिक लगायत अन्य विविध पक्षहरू बारे बुझ्दै छु । तर पनि म यो गाउँपालिकाको बारेमा अनविज्ञ भएको मान्छे भने होइन । कनि भने मैले केहि वर्ष अगाडी यसै गाउँपालिका अन्तर्गत पर्ने तत्कालिन गुर्जा गाविसमा रेहर सेवा गरेको थिएँ । जिल्लाकै सबै भन्दा दुर्गम तथा टाढाको वडा पर्छ अहिले गुर्जा र त्यही ठाउँमै भएको मेरो सेवाले यस क्षेत्रको बारेमा ज्ञान लिने मौका पहिल्यै मिलेको थियो मलाइ । त्यसैले यस क्षेत्रको भौगोलिक, सामाजिक, साँस्कृतिक लगायत विविध पक्षहरूबारे केहि हदसम्म जानकार रहेको हुँदा कार्यसम्पादनका सन्दर्भमा मलाई थोरै भएपनि सहज हुने अपेक्षा गरेको छु । गाउँपालिकाको हालको वित्तीय, प्रशासनिक, भौतिक पूर्वाधार, जनशक्ति, सेवा प्रवाहको अवस्था वारे अध्ययन गर्दै अगाडी बढ्ने मेरो प्रण हो । साथै प्रचलित ऐन, नियम, कार्यविधिका आधारमा निर्वाचित जनप्रतिनिधिसँग समन्वय तथा सहकार्य गर्दै कार्यक्षमता अनुसार कर्मचारीहरूको जिम्मेवारी बाँडफाँड गरि उपलब्ध स्रोत र साधनको उच्चत्तम उपयोग गर्दै गाउँपालिकाले लिएका लक्ष्य तथा उद्देश्य हासिल हुने गरि आफुलाइ तोकिएको कार्यजिम्मेवारी सम्पादन गरिरहेको छु । गाउँपालिकाको गाउँ सभाले दिएको निर्देशन र निर्णय अनुसार नै काम गर्ने र समग्र गाउँपालिकाको दिगो विकास र समुन्नतीका लागि नै काम गर्ने हो । यहाँका जनप्रतिनिधिहरू सँगको सहकार्य र सुझावको आधारमा नै म अगाडी बढ्ने हो । समग्र गाउँपालिकाको विकास अनि हरेकले अपनत्व लिन सक्ने काम गर्नु नै गाउँपालिकाको लक्ष्य हुने छ । त्यही लक्ष्य प्राप्तीका लागि मेरो भूमिका रहने छ । म एक जनाले गर्ने भन्दा पनि गाउँपालिकाको समग्रताको अवस्थाको अपनत्व लिनकै लागि मात्रै हामीले काम गर्ने यसैका लागि अगाडी बढ्नको लागि नै मेरो भूमिका रहन्छ । पर्यटकीय हिसाबले निकै महत्वपूर्ण मानिने यो गाउँपालिकामा पर्यटकको आगमन र यहाँ रोकीने वातावरण बनाउनका लागि पनि हामीले प्रयास गर्नेछौं ।

*सुन्दर र समुन्नत पालिका बनाउनका लागि के कस्ता योजनाहरू अगाडी सारीएका छन् ?*

धवलागिरी गाउँपालिकामा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार समृद्ध धवलागिरीको मुल आधार भन्ने दीर्घकालिन सोचका साथ अगाडी बढीएको छ । यहाँ मौलिक संस्कृति, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै ब्यावसायिक कृषि, दिगो पर्यटन, गुणस्तरिय शिक्षा लगायत आर्थिक, सामाजिक, पूर्वाधार र सुशासनको विकास गरी आय र रोजगारीका माध्यमबाट नागरिकको जिवनस्तरमा गुणात्मक विकास गर्ने गरि गाउँपालिकाले आफ्नो सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्ने गरि विभिन्न योजना तथा कार्यक्रमहरू अगाडि बढाएको छ । जसमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण, सडक सञ्जालबाट वञ्चित जिल्ला कै एक मात्र दुर्गम वडा गुर्जासम्म सडक विस्तार, गाउँपालिका स्तरीय अस्पताल निमार्ण जस्ता कार्यलाई अगाडी बढाइएका छन् । त्यसैगरी अध्यक्षसँग दीर्घरोगी कार्यक्रम, पर्यटकीय स्थल जलजलामा पूर्वाधार निर्माण लगायतका विभिन्न क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरू अगाडि बढाइएको अवस्था छ । हाम्रो गाउँपालिकाको लागि उपयुक्त रहने कृषि र पर्यटन क्षेत्र भएकोले त्यसको विकासका लागि गाउँसभाले तोकेको निर्क्यौल अनुरूप अगाडी बढ्ने हो । पर्यटन प्रवर्द्धन तथा पर्यटकको सुविधाका लागि पनि विविध विषयमा गाउँपालिकाले दिर्घकालिन योजना बनाउने जमर्को गरेको अवस्था हो । यसका लागि सबै जनप्रतिनिधि तथा स्थानीय समुदायको महत्वपूर्ण भूमिका रहन्छ र त्यसै अनुसार काम हुने अपेक्षा गर्न सकिन्छ । हाल सम्म भएका कामहरू हेर्दा आशा लाग्न् खालकै भएको हुनाले पनि अबका दिनमा पनि यसलाई थप मजबुत बनाउँदै अगाडी बढ्न सक्ने अवस्था रहन्छ ।

*शिक्षा, स्वास्थ्य, विद्युत तथा खानेपानीको क्षेत्रमा के कस्तो योजना ल्याउने छ अबका दिनमा ?*

गाउँपालिकाको आगामि दिनमा हुने विकासलाइ योजनाबद्ध बनाउनका लागि पञ्च वर्षिय आवधिक विकास योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइएको छ। जहाँ अबका दिनमा शिक्षा क्षेत्रको विकासका लागि सामुदायिक विधालयहरूको भौतिक पूर्वाधार विकास, प्राविधिक शिक्षालय सञ्चालन, शिक्षकहरूको लागि शिक्षण पद्धति सम्बन्धी क्षमता विकास, सबै विधालयहरूमा ईन्टरनेटको ब्यवस्था गर्ने लगायतका योजना सञ्चालन हुनेछन्। त्यस्तै स्वास्थ्य क्षेत्रको विकासका लागि सबै स्वास्थ्य संस्थाहरूलाई विपद् उत्थानशील भौतिक पूर्वाधार, उपकरण तथा प्रविधि विस्तार, स्वास्थ्य चौकीहरूको आफ्नौ भवन निर्माण, सबै गाउँपालिकावासीलाई स्वास्थ्य बीमाको पहुँचमा ल्याउने जस्ता योजना कार्यान्वयन हुनेछन् । त्यसैगरी विद्युतका क्षेत्रमा आगामि दिनमा सबै वडाहरूमा ३ फेज लाईन विस्तार, संस्थागत सौर्यउर्जा जडान जस्ता योजना सञ्चालन गरिने छ ।

बाँकी पाँचौं पृष्ठमा

# बर्तमान सरकार: भ्रम र यथार्थ तथा स्थिरता र समृद्धि




देशमा अस्थिरता छ। एउटै दलको बहुमत नआउंदा बर्ष बर्षमा सरकार फेरिएको हामीले देखेका छौं । अघिल्लो चुनाबमा दलहरु एक्ला एक्लै चुनाब लडेको भए सायद एमालेको बहुमत आउने या बहुमत नजिक हुन सक्ने संभावना थियो, तर त्यसो भएन। तत्कालिन अबस्थामा दोस्रो, तेस्रो र चौथो शक्ति एकातिर र पहिलो शक्ति एकातिर भएर दलहरू चुनाबमा जांदा यो खालको नतिजा आएको हो भन्न सकिन्छ। संविधान अनुसार कसैको बहुमत नआउंदा दुई वा दुई भन्दा बढी दलहरु मिलेर सरकार बनाउनुपर्ने हुन्छ। सोही अनुसार सरकार निर्माण हुँदा माओबादी को नतृत्वमा २ बर्षमा ३ पटक सरकार फेरबदल भयो। २०६२/०६३ को जन आन्दोलन पछिका ४ ओटै निर्बाचन हेर्ने हो भने एउटै सरकार या एउटा दलको सरकार पुरा अवधी सरकार सञ्चालन गरेको देखिँदैन। यस बीचमा कम्ती मा ६ महिना देखि ९ महिना, १ बर्ष, डेढ बर्ष र २ बर्ष सम्म मात्रको अवधीमा सरकारहरु बने । २०७४ को निर्बाचन पछि बनेको ओली सरकार करिब साढे ३ वर्ष चल्यो । त्यसै बेला बहुमतको सरकार भएकोले छोटो अबधीमा धेरै राम्रा कामहरु भएका थिए । त्यस पछि यता पनि धेरै सरकार हरु फेरिए तर देशले निकास पाउन सकेन ।

अहिले अस्थिरता चिर्न र मुलुकलाई समृद्धि र बिकासको बाटोमा डोऱ्याउन दुई ठुला पार्टी मिलेर सरकार संचालन गरेका छन्। यो अन्तिम बिकल्पको सरकार पनि हो । कमसेकम अबको चुनाब सम्म देशले स्थिर सरकार पाएको छ । सरकार बनेको दिन देखि नै देशमा केहि परिवर्तन आएको हामीले महशुस गर्न पाएका छौं । शेयर कारोवार बढेको छ । बैकमा अधिक तरलता छ । बिदेशी मुद्रा सञ्चितिको अबस्था बढेको छ । निर्माण कम्पनी लगायत बिभिन्न बक्यौताहरु यो सरकारले भुक्तानी गरेको छ । बजेट भाषणमा पनि पहिले जस्तो धेरै बिरोधका स्वरहरु सुनिएनन् । समग्रमा अर्थतन्त्रको आकार बढेको छ । सरकारको प्राथमिकता थालेका कामहरु छिटो गरेर सकाउने तर्फ भएको हामी पाउँछौं। सरकारले तीब्र गतिको बिकास चाहिरहेको छ भन्ने कुरको एउटा ज्वलन्त उदाहरण किर्तिपुरमा निर्माण सम्पन्न हुन लागेको क्रिकेट स्टेडियमको हो । यि र यस्तै कारणले साँच्चिकै जनतालाई अब देशमा केहि हुन्छ भन्ने पर्न थालेको छ ।

अहिले अधिकांश बिदेशमा भएका र केहि नेपाल मै पनि युवाहरु देशको अस्थिर राजनीतिले केहि निराश छन् । बिदेशमा रहेका अधिकांश युवाहरुले बिदेशको सिस्टम र तीब्र गतिको बिकास देखेका छन् । त्यहां स्थिर सरकार पनि देखेका छन । उनीहरु नेपालमा पनि त्यही चाहन्छन् । तर लामो समय देखि अस्थिरताले गाँजेको हाम्रो जस्तो मुलुकका अधिकांश युवाहरु देश मै केहि गर्न चाहन्छन तर अनुकुल बातावरण नहुँदा र धेरै र छिटो पैसा कमाउने धुनमा बाहिरिन्छन । यो युवा जनशक्तिलाई नेपाल मै रोक्नका लागि स्थिर सरकार र त्यो सरकाले अगाडि सार्ने उपयुक्त कार्यक्रमका आधारमा मात्र पुरा हुन सक्दछ । सरकारले बिदेशमा सीप सिकेर फर्केका युवाहरुलाई लक्षित गरेर कार्यक्रम अगाडि नबढाएको हैन तर देशको अस्थिर राजनीति, झन्झटिलो प्रक्रिया, बजेट अभाव र सरकार फेरिदा कार्यक्रम पनि फेरिने समस्याले युवाहरु यस तर्फ आकर्षित छैनन् ।

आज एउटा १२ कक्षा पढ्दै गरेको युवा संग सपना प्रशस्त छन । उ पढाई सकाएर देश मै केहि गर्न त चाहन्छ तर १२ कक्षा सकिँदा नसकिँदा नेपालमा सम्भावना कम देख्न थाल्छ र अधिकांश युवाहरु उच्च शिक्षाको लागि बिदेश गएर पढ्दै पैसा कमाउँदै गरेको देख्छ र त्यस तर्फ उ आकर्षित हुन्छ । साँच्चिकै कलेजहरुमा गएर सर्वे नै गर्ने हो भने लोकसेवा दिएर सरकारी जागीर खान्छु भन्नेहरु १० प्रतिशत, नेपाल मै पढेर यहीं केहि गर्छु भन्नेहरु १० प्रतिशत र बिदेशमा गएर उच्च शिक्षा हांसिल गर्छु भन्ने हरु ८० प्रतिशत छन् । त्यो ८० प्रतिशत मध्ये ६० प्रतिशतको मात्र बिदेश पढ्न जाने रहर पुरा हुन्छ र बाँकी ४० प्रतिशतको आधा बैदेशिक रोजगारीमा जान बाध्य छन र बाँकी आधा नेपाल मै जागीर बिजनेस गर्ने १५ प्रतिशत तथा खेलकुद र संगीतमा रुचि भएर त्यस तर्फ अगाडि बढ्न चाहनेहरु १५ प्रतिशत र त्यसको ठुलो हिस्सा अर्थात ७० प्रतिशत बेरोजगार हुने अबस्था अहिले नेपालको हो । त्यसैले नेपाल मात्र होईन बिकासोन्मुख देशका अधिकांश युवाहरु उच्च

बाँकी चौथो पेजमा


## रघुगंगा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८१/८२

२०७३

## कृषि विकास कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सूचना

(पहिलो पटक प्रकाशित मितिः २०८२/०५/१९)

रघुगंगा गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत तपसिल बमोजिमका कृषि विकास सम्बन्धी कार्यक्रम, "रघुगंगा गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन कार्यविधि-२०८२" बमोजिम सञ्चालन हुने भएकाले सहभागि हुन इच्छुक कृषक/ कृषि समूह/कृषि फर्म/कृषि सहकारी लाई यो संचना प्रकाशन गरिएको १५ (२०८२/०६/०२) दिन भित्र यस गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्नुहुन यो संचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.स. | कार्यक्रम | जम्मा बजेट/ अनुदानको प्रतिशत | सञ्चालन गर्न सकिने कृयाकलापहरू | कैफियत |
|---|---|---|---|---|
| १ | ७५ प्रतिशत अनुदानमा कृषि उपकरण सहयोग कार्यक्रम | १४ लाख/७५ % | थ्रेसिङ मेसिन, मिलिङ मेसिन अन्य आवश्यक सामग्री माग गर्न सकिने। | दर्ता भएको फर्म/ सर्मंहले माग गर्न सक्ने। |
| २ | ७५% अनुदानमा साना सिँचाई सहयोग कार्यक्रम | १२ लाख/ ७५% | पाईप, पोखरी निर्माण, प्लाष्टिक पोखरी, थोपा सिँचाई, स्प्रिङ्कर सिंचाई, सिमेन्टेड कुलो निर्माण माग गर्न सक्ने। | दर्ता भएको फर्म/ समूहले माग गर्न सक्ने। |
| ३ | मौरीपालन तालिम तथा ५०% अनुदानमा मौरीपालन सामग्री वितरण कार्यक्रम | ६ लाख/५०% | तालिम, अनुदानमा घार लगायतका सामाग्री वितरण। | कम्तिमा ५ वटा घार राख्न सक्ने हुनुपर्ने। |
| ४ | ७५% अनुदानमा उन्नत गहुँ बीउ वितरण | २ लाख / ७५% | कृषि फर्म, कृषक सर्मह, कृषि सहकारीले आवश्यकत्ता अनुसार बीउ माग गर्न सक्ने। | दर्ता भएको फर्म/ समूहले माग गर्न सक्ने। |

आवश्यक कागजातहरूः
(१) समूह/सहकारी/निजी फर्म/कम्पनीहरुको नियमानुसार दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
(२) स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि
(३) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
(४) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
(५) समूह र सहकारिको हकमा कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गरिएको निर्णयको प्रतिलिपि
(६) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
(७) कार्यक्रम सञ्चालनको लागि फर्मेट अनुसारको प्रस्ताव
(८) कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता प्रमाणपत्र
(९) प्रस्तावको सक्कल निवेदन

थप जानकारीका लागिः
कृषि विकास शाखा, मौंवाफाट, रघुगंगा
कृषि विकास शाखाः प्रा.स (अर्जुन बोहरा) (९८५७६४८६२४, ९८४२३३४१६७), वडा नं १,२ का लागिः ना प्रा स (सिता खड्का भण्डारी), वडा नं ५,६ का लागिः प्रा स (हिक्मत शार्की, ९७४९२९१८२३)

*नोट : प्रस्तुत विषयको सम्बन्धमा यस रघुगंगा गाउँपालिकाको आ.व. २०८२/०८३ कृषि विकास कार्यक्रम सञ्चालनको लागि मिति २०८२-०५-१७ गतेको सूचना प्रकाशन गरिएको र उक्त सूचनामा मौरीपालन तालिम तथा ५०% अनुदानमा मौरीपालन सामग्री वितरण कार्यक्रम शिर्षकमा, बजेट/ अनुदानको प्रतिशत ६ लाख/५०% अनुदान हुन पर्नेमा अन्यथा भएकोमा सच्चाईएको ब्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।*

## वर्तमान ......

शिक्षा हाँसिल गर्न तथा पैसा कमाउन बिदेश जान रहर र बाध्यतामा छन् । जसलाई रोक्नको लागि स्थिर सरकार अहिलेको अपरिहार्य हो ।

अहिले बजारमा धेरै खाले हल्ला, भ्रम र अफवाहहरु चलाएको देख्न र सुन्न पाईन्छ । एउटा गिरोह नै छ जसले सामाजिक सञ्जाल मार्फत देशमा केहि पनि भएन, देश बर्बाद भईसक्यो, नेताहरुले देश डुबाए भनेर भ्रामक हल्ला चलाएका छन् । यस्तै हल्ला चलाउनेहरुले देशमा भ्रष्टचार गर्ने र सेटिङ्गमा देश चलाउने ठुला र पुराना दलका ठुला नेताहरु हुन भनेर भ्रमहरु छरेको हामी पाउँछौ । जुन सत्य होईनन् । देशमा केहि नभएको होईन, जति हुनुपर्ने हो त्यती नभएको हो । हाम्रा सिमित साधन श्रोत तथा देश, काल, परिस्थिति अनुसार सरकार अगाडि बढेको छ। यसरी अगाडि बढ्दा हामीलाई सरकारको गती सुस्त लाग्नु स्वभाबिक हो । किनभने हामी नेपालको यथार्थ धरातलमा रहेर बिश्लेषण गर्ने हो भने बिकासमा हामी भारत र चाईना जस्तो अहिल्यै हुन सक्दैनौ । हाम्रो प्रतिस्पर्धा आज पनि बंगलादेश र श्रीलंका संगै हो ।

जहाँ सम्म नेताहरुले भ्रष्टचार गरे भन्ने जे हल्ला छ त्यसमा पनि कोहि नेता मुछिएका छन भने अख्तियारले आफ्नो प्रक्रिया बाटै कारबाही गर्छ र घटनाको प्रकृति हेरेर अदालत सम्म पुऱ्याएर गल्ती गरेको छ भने जो कोही होस ढिलो चाँडो कारबाही भएरै छाड्छ । त्यसैले आफ्नो कर्मको फल सबैले भोग्नै पर्छ । अदालतले भ्रष्टचार प्रमाणीत गरेर कारबाही गऱ्यो भने हामी बल्ल भन्न सक्छौ यो नेता भ्रष्टचारी हो । हामीले बुझ्नुपर्दछ कानुनी शासनमा कानुनले दण्ड चलाउँछ । अहिले पुराना पार्टी हुन कि नयाँ त्यस पार्टीको खोल ओढेर यदि गलत गरेका छन् भने ती अपराधी हुन । यस्ता अपराधीहरुलाई हरेक पार्टीले बेलैमा चिनेर कारबाही गरिहाल्नुपर्दछ । यस्ता केहि थान धमिराहरुले पार्टीलाई त बदनाम गरेकै छन सँगसँगै सबै नेता त्यस्तै हुन भन्ने भाष्यमा थप मलजल गरेका छन् । यदि नयाँ पार्टी र त्यसका नयाँ मान्छे आएर देश बन्ने भए पुराना पार्टीका बिधान, कार्यनीति र योजना किन चाहिए ? के नयाँ पार्टीहरुलाई बिना बिधान, भिजन र योजना पार्टी चलाउने छुट हो ? यो गम्भिर बिषय छ । नयाँले सरकार चलाउँदा कुन चाहीं जादुको छडीले मुलुक बनाउँछन् त ? रवि लामिछाने दुई दुई पटक गृहमन्त्री बनेकै हुन् खै के भयो त नयाँ ? नयाँ पार्टी खुलेको यति छोटो समयमा अहिले सबै भन्दा बढी बिबाद र काण्डमा स्वतन्त्र पार्टी फसेको छ । पार्टी सभापति देखि महत्वपूर्ण ओहोदामा पुगेका ब्यक्ति नै बिभिन्न काण्डमा मुछिनु यो राम्रो सँकेत पक्कै होईन । त्यसैले एकछिन भावनामा आएर आफ्नो बलियो घर छाडेर नयाँ तर्फ आकर्षित हुनु मुर्खता हुन सक्दछ । त्यसैले चित्त नबुझेका बिषयमा बिमती राख्न सकिन्छ । बिरोध गर्न सकिन्छ तर सुन्दर ईतिहास र महत्व बोकेका दलका बिकल्प नयाँ पार्टी हुन सक्दैनन् ।

चुनाबका बेलामा सबै दलहरुले ठुला ब्यापारी र आफ्ना शुभचिन्तकहरुबाट पैसा उठाएका हुन्छन् । किन कि नेपालका सबै दलहरुको आय श्रोत भनेकै आर्थिक सहयोग लिनु हो । यसमा पैसा माग्नेहरु शीर्ष नेताहरु नै हुन्छन । यदि यसैलाई भ्रष्टचार मान्ने हो भने सबै भन्दा बढी पैसा उठाउने नयाँ दलका छन् । तीनलाई के भन्ने ? त्यसैले पार्टी आफ्ना सिद्धान्त र बिधी अनुसार चलेका छन कि छैनन् ? प्रश्न त्यहाँनिर हो । न कि पुराना र नयाँ। जहाँ सम्म स्वतन्त्रको कुरा छ त्यो पनि हामीले हेरेकै छौं । टाढा जानै परेन काठमाण्डौ महानगरपालिका, ललितपुर महानगरपालिका र भरतपुर महानगरपालिका बीच कै तुलना गरौं ललितपुरमा नेपाली कांग्रेसको तर्फबाट निर्बाचित मेयर चिरिबाबु महर्जन हुनुहुन्छ र भरतपुरमा नेकपा माओबादी केन्द्रको तर्फबाट निर्बाचित मेयर रेणु दाहाल हुनुहुन्छ । बिकास र समृद्धिमा ललितपुर र भरतपुर काठमाण्डौ भन्दा धेरै अगाडि छन् तर यहाँ चर्चा काठमाण्डौं का मेयर बालेन्द्र शाह कै छ, किन कि बालेन सँग सम्बन्धित मिडिया र सामाजिक सञ्जाल प्रयोगकर्ता बालेनका पक्षमा खुलेर लागेका छन । जुन महर्जन र दाहालको पक्षमा न्युन छन् । बिकासे बजेट खर्च गर्न नसक्ने र समयमा बजेट ल्याउन नसक्ने काठमाण्डौंले साच्चिकै नयाँ काम काठमाण्डौ ले यो गऱ्यो भन्ने केहि पनि छैन न त उनको चुनाबी घोषणा पत्र अनुसार नै केहि भएको छ ! बरू बिना बिकल्प सुकुम्बासी बस्तीमा डोजर चलाउने र बिना बिकल्प फुटपाथ र ठेला ब्यापारीलाई आतङ्कीत पार्ने बालेनका सेना र उनको यो कार्य तथा उनको नजिकका मान्छेले ठेकेदार सँग कमिसनको डिल गर्ने बिषय होस या उनी समर्थित मिडियाहरुलाई करोडौ बजेट छुट्याउने उनको तरिका र कवाडी ब्यबसायी माथी धावा बोल्ने कुराले उनलाई थप बिबादित बनाएको छ ।

त्यसैले नयाँ पुरानो भन्ने पनि हुंदैन, स्वतन्त्र र पार्टी भन्ने पनि हुँदैन र लोकतन्त्र छाडेर राजतन्त्र त हामी कल्पनै गर्दैनौं । प्रमुख कुरा ब्यक्तिको आचरण हो । ब्यक्तिको आचरण गलत भयो भने त्यसले समाज, पार्टी र देशलाई नै हानी पुऱ्याईरहेको हुन्छ । पार्टी राम्रो नराम्रो उसको नितिले हुन्छ । नीति अनुसारको नेतृत्व भयो भने समृद्ध नेपालको परिकल्पना गर्न सकिन्छ । नीति मै अष्पष्टता भयो भने निकास प्राप्त हुँदैन । प्रश्न देश स्थिरतामा छ कि अस्थिरतामा ? देश हाँक्ने ब्यक्ति कत्तिको भिजिनरी, दुरदर्शी र क्षमतावान छ ? यी बिषयहरुमा गम्भिरताका साथ घोतल्लीने हो भने हामी उत्तर पाउँछौ । देश स्थिरता तर्फ उन्मुख छ । बिकास र समृद्धिका सपनाहरु बिस्तारै साकार हुँदैछन । यसको पछिल्लो उदाहरण देशको जिडिपी सँग जोडिएको दैलेखको पेट्रोलखानीलाई लिन सकिन्छ । देशको प्रधानमन्त्रीमा देश हाक्ने दम र साहस भएको मात्र होईन भिजन र दुरदर्शीता पनि त्यतिकै छ । त्यसैले देश परिवर्तन हाम्रै पालामा सम्भव छ । खाली देशमा स्थिरता हुनुपऱ्यो ।

*लेखक एमालेका नेता हुनुहुन्छ ।*

---

गण्डकी प्रदेश सरकार

फोन नं ०६९-५२११८८

स्वास्थ्य मन्त्रालय

प्रादेशिक स्वास्थ्य निर्देशनालय

**प्रदेश अस्पताल,बेनी,म्याग्दी**

# करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सुचना

**(प्रथम पटक सुचना प्रकाशित मिति : २०८२/०५/१५ गते)।**

यस प्रदेश अस्पताल, बेनी, म्याग्दीको निर्णय अनुसार रिक्त पदमा **"सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९"** बमोजिम स्वास्थ्यकर्मी/कर्मचारी पदपुर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुको लागि यो सुचना प्रकाशन गरिएको छ। साथै मिति २०८२/०५/२९ गते भित्र वा सो दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट दरखास्त फारम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| क.सं | विज्ञापन नं | पद /श्रेणी | तह | न्यूनतम शैक्षिक योग्यता | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १५/०८२/८३ | क. जनरल फिजिसियन | नवौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उतिर्ण भई मेडिकल काउन्सिलमा दर्ता भएको | १ जना | अस्पताल व्यवस्थापन समिति |
| २ | १६/०८२/८३ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | नवौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजि विषयमा स्नातकोत्तर उतिर्ण भई मेडिकल काउन्सिलमा दर्ता भएको | १ जना | दरबन्दी करार |
| ३ | १७/०८२/८३ | नेत्र सहायक | पाचौं | मान्यता प्राप्त शिक्षण सस्थाबाट नेत्र सहायक वा सो सरह उर्तिण भई सम्बन्धीत काउन्सिलमा दर्ता भएको | १ जना | प्रदेश करार |
| ४ | १८/०८२/८३ | अ.न.मी. | चौँथो | मान्यता प्राप्त शिक्षण सस्थाबाट अ.न.मी. वा सो सरह उर्तिण भई सम्बन्धीत काउन्सिलमा दर्ता भएको | १ जना | दरबन्दी करार |

**१. दरखास्त फारम**: यस अस्पतालको प्रशासन शाखाबाट उपलब्ध हुनेछ। साथै यस अस्पतालको वेभसाइट benihospital.gandaki.gov.np मार्फत डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरु सहित यस अस्पतालमा स्वंय उपस्थित भई वा अस्पतालको इमेल ठेगाना benihospital1@gmail.com मा आवेदन पेश गर्नुपर्नेछ।

**२. पेश गर्नुपर्ने कागजातहरु** : उम्मेदवारको व्यक्तिगत विवरण, २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, म्याद कायम रहेको नविकरण गरिएको सम्बन्धित विषयको काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि साथै अनुभवका प्रमाणपत्र सहितको निवेदन पेश गरेको हुनुपर्नेछ।

**३. उमेर हद :** नवौं तहको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र पाचौं र चौंथो तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ।

**४ परिक्षा दस्तुर -** नवौं तहको लागि रु २०००।- (दुई हजार रुपैया मात्र), पाचौं तहको लागि रु ७०० (सात सय रुपैया मात्र) र चौथो तहको लागि ५०० (पाँच सय रुपैया मात्र)।

**परिक्षा दस्तुर जम्मा गर्नको लागि :**

राजश्व शिर्षक नं १४२२४ (परिक्षा शुल्क) कार्यालयको नाम : प्रदेश अस्पताल, बेनी, म्याग्दी।

बैंक खाता नम्बर : २७३०२००००००१००१००००००१, बैंकको नाम : नेपाल बैंक लिमिटेड।

कार्यालयको कोड नं : ३७००१४४०१४ मा जम्मा गरी भौचरको प्रतिलिपि कागजात सहित बुझाउनुपर्नेछ।

**५. तलव स्केल :** सम्बन्धित पदको लागि प्रचलित कानुन बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल उपलब्ध गराइनेछ।

**६. छनौटको किसिम :** गण्डकी प्रदेशको सेवा करारमा "चिकित्सक तथा स्वास्थ्यकर्मी ब्यवस्थापन कार्यविधि २०७९" अनुसार गरिने छ।

**७. करार अवधि :** २०८२ पौष मसान्तसम्म।

**८. दरखास्त दिने अन्तिम मिति :** मिति २०८२/०५/२९ गते भित्र र उक्त दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र।

**९. सर्म्पक मिति :**२०८२/०५/३० गते।

**१०. परिक्षा /अर्न्तवार्ता मिति :** सर्म्पक मितिमा तोकिनेछ।

**११. थप जानकारीको लागि :** यस अस्पतालको वेबसाइट benihospital.gandaki.gov.np हेर्नहुन वा कार्यालय समय भित्र **फोन नं ०६९-५२११८८** मा सम्पर्क गर्न सकिने छ

**१२.** सूचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु कार्यालयको निर्णय वमोजिम हुनेछ।

**पदपुर्ति समिति संयोजक, प्रदेश अस्पताल, बेनी, म्याग्दी**

## कृषि र पर्यटन......

त्यसैगरि गाउँपालिका क्षेत्रभित्र गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार गर्न अबको दिनमा तीन तहका सरकारको सहकार्यमा एक घर एक धारा योजना, खानेपानीका मुहान तथा स्रोत संरक्षण कार्यक्रम संचालन हुनेछन् । जनताले पाउनु पर्ने सेवा सुविधा र संविधान प्रदत्त अधिकारहरूको पूर्ण पालनका लागि गाउँपालिकाले बनाएका योजनाहर कार्यान्वयनका लागि मेरो भूमिका रहनेछ । शिक्षा, स्वास्थ्य, विद्युत तथा खानेपानी भनेको मौलीक हक भित्रै पर्ने हुनाले पनि यसलाई जति सक्यो चाँडो जनताको पहुँच समम पुग्नु पर्ने हुनाले यस अगाडी देखिनै बनेका योजनाहरूको कार्यान्वयनका लागि नै अग्रसर भएर लाग्नु पर्ने भएकाले त्यस तर्फ ध्यान पनि अलिक बढी नै केन्द्रीत हुनेछ ।

*कर्मचारी व्यवस्थापन के कसरी भएको छन् ? के अहिले प्रयाप्त कर्मचारी छन् ?*

धवलागिरी गाउँपालिकामा दरबन्दी बमोजिम पूर्णरूपमा कर्मचारीहरू पदपूर्ति हुन नसकेको अवस्था छ । तथापी कार्यरत कर्मचारीहरूको कार्यक्षमता अनुसार जिम्मेवारी बाँडफाँड गरि गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतबाट प्रवाह हुने सेवालाई सेवाग्राही मैत्री र सहज बनाउने प्रयास गरिएको छ । पूर्वाधार विकास, शिक्षा लगायतका केहि शाखाहरूमा दरबन्दी बमोजिम शाखा प्रमुखहरूको पदपूर्ति हुन नसक्दा कार्यसम्पादनमा केहि असहजता भने देखिएको छ । जिल्लाकै सबै भन्दा दुर्गम गाउँपालिका भएर पनि हुन सक्छ यहाँ सम्म आउने कर्मचारीहरूको अभाव भएको हुन सक्ने । तर जे जति हामी सँग उपलब्ध जनशक्ति रहेको छ त्यसैबाट मजबुत तबरले काम गर्नेगराउने गरिएको अवस्था हो ।

*पर्यटकीय क्षेत्र धौलागिरी हिमाल, जलजला तथा अन्य पर्यटकीय क्षेत्रको पूर्वाधार विकास एवम् त्यसलाई व्यवस्थापन गर्ने तपाईंको योजना के छ ?*

धवलागिरी गाउँपालिकामा विभिन्न पर्यटकीय महत्वका क्षेत्रहरू रहेका छन् । जहाँ धवलागिरी, गुर्जा, चुरेन, पुथा लगायतका हिमचुचुरा देखि लिएर ढोरपाटन शिकार आरक्ष, जलजला, मालिका धुरी, नर्जा झरना, ताकमकोट जस्ता पर्यटकीय महत्वका प्राकृतिक तथा धार्मिक सम्पदाहरू रहेका छन् । यी क्षेत्रको विकास र प्रचारप्रसारको लागि गाउँसभा तथा गाउँकार्यपालिकाले विभिन्न योजनाहरू तर्जुमा गरेको छ । साथै आगामि दिनमा पक्कै पनि यसमा थप कार्य गर्ने छ । मेरो विचारमा गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरूको विकास तथा व्यवस्थापनका लागि आवश्यक पर्यटकीय पूर्वाधारको विस्तार, पर्यटन सूचना केन्द्रको स्थापना, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचारपसार गर्ने लगायतका कार्यक्रम तथा योजना अगाडि बढाउनुपर्छ । गाउँसभाले एक किसीमको तयारी गरेको थियो र त्यो अनुसार काम भएको छ । अब थप दिर्घकालिन योजना बनाएर अगाडी बढ्नका लागि नै हामी सबैले प्रयास गर्ने हो र त्यही लक्ष्य प्राप्तीका लागि स्थानीय निकाय, जनप्रतिनिधि तथा सर्वसाधारण जनताको पनि साथ र सहयोग चाहिन्छ र सोही अनुरूप काम भएका छन् र अझै हुने छ ।

*जातिय विभेद, महिला हिंसा, बालबिबाह जस्ता समस्या भित्र छन् कि छैनन?*


विगतको तुलनामा यस्ता समस्याहरू न्यूनिकरण हुँदै गएका छन् तर पनि पूर्णरूपमा निर्मुल भने हुन नसकेको अवस्था छ । यि समस्याहरूको निराकरणका लागि गाउँपालिकाले विगत देखि नै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । जसअर्न्तगत महिला सशक्तीकरणका कार्यक्रम, लक्षित वर्गको क्षमता विकासका कार्यहरू, जनचेतना मुलका कार्यक्रमहरू रहेका छन् । समग्रमा हेर्दा धवलागिरी गाउँपालिकामा बालबविबाह अलिक धेरै भएको जस्तो तथ्यहरूले देखाउँछ । स्थानीय स्तरबाट जनचेतना जगाउने अनि शिक्षामा अलिक बढी प्रयास गर्ने गरिएको भए पनि जुन तबरले घट्नु पर्ने हो त्यो तबरले घटेको भने देखिदैन ।

*अन्त्यमा हजुरको भन्नु केही छ कि ?*

निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला सबै पक्ष सँगको सहकार्यमा धवलागिरी गाउँपालिको सेवाप्रवाह तथा विभिन्न क्षेत्रका विकासमा अलिकति भएपनि आफ्नो प्रशासनीक नेतृत्व मार्फत योगदान दिनसकिन्छ की भन्ने अपेक्षा सहित मलाइ प्रदान गरिएको कार्य जिम्मेवारी पुरा गर्न लागि परिरहेको छु । सरोकारवाला सबै पक्षबाट सकरात्मक सहयोग तथा सहकार्य हुनेछ भन्ने अपेक्षा लिएको छु । हाम्रो गाउँपालिकाको भए गरेका काम र योजनाहरूका बारेमा पनि राख्ने अवसर दिनुभएकोमा यहाँ र यहाँको सञ्चार माध्यमलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि यस्ता गतिविधिहरू सबैको समेटेर अगाडी बढ्नुहोस भन्ने शुभेच्छा सहित शुभकामना पनि व्यक्त गर्न चाहन्छु । धन्यवाद

# साप्ताहिक राशीफल

## मिति :- २०८२/०५/२० देखि २७ सम्म




***मेष* - ARIES** *(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)*

राशी अनुसार २० देखि २३ गते सम्मको समय अत्यन्त उपयुक्त भएको देखिन्छ । यस समयावधिमा आर्फले आँटे ताकेको कार्यहरू पुरा हुने छन् । मनमा हर्षोल्लास हुनुका साथै आर्थिक पनि लाभ हुने देखिन्छ । आफन्त मित्रजन सँगको भेटघाटले मनमा प्रफुल्लता होला । २४ र २५ गतेको दिन त्यति राम्रो छैन । बिचार नपुग्याई कामको थालनी गर्दा कतै हानी नोक्सानी व्यहोर्नु पर्ने देखिन्छ । २६ र २७ गतेको दिन उत्तम देखिन्छ । गरेका कार्यमा सफल भइएला । समग्रमा भन्नुपर्दा यो हप्तामा मेष राशीलाई सामान्य हानी नोक्सानीको सम्भावना देखिए पनि धेरै लाभ नै देखिन्छ ।

***वृष* -TAURUS** *(इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)*

यो हप्तामा बृष राशी हुने व्यक्तिहरूका लागि अत्यन्त फलदायी समय चलेको मान्न सकिन्छ । आर्फले सोचेका र आँटेका कार्यहरू सफल हुनाले मनमा प्रफुल्लता हुनुका साथै हर्षोल्लास होला । सज्जन महापुरूषको सत्संगत प्राप्ति हुने अवसर मिल्नेछ । मन धर्मकर्म गर्न तिर जानेछ । आथिकि रूपमा उन्नती प्रगति होला । लक्ष्मीमाताको कृपाले धन सम्पत्ती प्राप्ती हुने योग बनेको देखिन्छ । मित्रजन परिवारीक भेटघाट कुनै पाटी तथा समारोहमा सहभागी भई मिष्ठान्न भोजन ग्रहण गर्न पनि पाइन सक्छ । मान प्रतिष्ठा तथा सम्मान प्राप्ती हुने देखिन्छ । समग्रमा बृष राशी हुनेलाई यो हप्ता लाभैलाभ हुने देखिन्छ ।

***मिथुन* - GEMINI** *(का, कि, कु, घ, ङ, छ, के, को, ह)*

राशी योग अनुसार हेर्दा २० र २१ गते दिनहरू खासै आफ्नो अनुकुल देखिदैन । मनमा विभिन्न खाले तरङ्गहरू उत्पन्न होला । भयत्रास डर चिन्ताले सताउन सक्ने छ । भने २३ देखि २६ गतेका दिनहरू राशी अनुसार अत्यन्त राम्रो र उपयुक्त खालको देखिन्छ । आर्फले आँटे ताकेका कार्यहरू पुरा हुने र कार्यहरू सफल हुने योग बनेको छ । त्यस्तै विद्वान व्यक्तिहरूको सत्संगतल बौद्धिकता विकास हुनुका साथै सतविचारको उदय हुनेछ । मन आध्यात्मिकता तिर गएर सन्तुष्टी हुने देखिन्छ । यो हप्ता थोरै व्यय हुने जस्तो देखिए पनि धेरै लाभै हुने देखिन्छ ।

***कर्कट* - CANCER** *(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)*

राशी अनुसार २० गतेको दिन राम्रो भएतापनि २१ देखि २३ गतेको दिन त्यती राम्रो देखिदैन । मनमा भयत्रासले पिरोल्न सक्छ । २४ देखि २७ सम्म भने तपाईलाई अकस्मात आथिक लाभ हुने देखिन्छ । अधुरा कार्यहरू पनि सफल होलान् । कुनै नविन कार्य आरम्भ गर्नु लाग्नु भएको छ भने कार्य आरम्भ गर्नु भयो भने त्यो कार्य अवस्य नै पुरा हुने छन् । समग्रमा भन्नु पर्दा कर्कट राशीलाई यो हप्ता मध्यम देखिन्छ । हानी नोक्सानी शुभलाभ फलदायी दुवै देखिएको छ ।

***सिंह* - LEO** *(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)*

साताको सुरुवातमा नै भाग्यले साथ दिने देखिन्छ । भाग्य र समय बलवान भएको कारण आफ्नो कार्यक्षेत्रमा लगनशिलताले गर्दा मान सम्मान प्राप्ती हुने योग बनेको देखिन्छ । कुनै पाटी समारोहमा सहभागी बन्ने अवसर मिल्नुका साथै असल मित्रहरूको संगतले गर्दा सात्विक बिचारको उदय हुने छ । परोपकार र सामाजिक सेवामा मन लाग्ने देखिन्छ । आर्थिक लाभ हुने विशेष गरी २० देख २३ गतेका दिनहरू अत्यन्त फलदायी बन्नेछन् । २४ र २५ गतेका दिनहरू खासै राम्रो देखिदैन । यी दिनहरूमा सावधानी अपनाउनु होला । २६ र २७ गतेका दिनहरू भने निकै उत्कृष्ट छन् । आँटेताकेका कार्यहरूमा पूर्ण सफलता मिल्ने देखिन्छ ।

***कन्या* - VIRGO** *(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)*

ग्रह नक्षत्र अनुसार यो साता कन्या राशी हुनेहरूलाई समयले निकै नै साथ दिएको देखिन्छ । आफ्नो कार्यक्षेत्र व्यापार बिजनेस, उद्योगधन्दा आदि कुनै पनि क्षेत्रमा सफलता पाइने योग बनेको देखिन्छ । मनमा हर्षोल्लास हुनुका साथै आनान्दानुभुती प्राप्ती होला । आर्थिक रूपमा पनि प्रसस्त लाभ हुने देखिन्छ । २० देखि २५ गते सम्मका लागि अत्यन्त सँवर्ण अवसर रहेको छ । यर्कक्षेत्रमा लागी पर्नुहोला । सफल भइने छ । २६ र २७ गतेका दिनहरू खासै सन्तोषजनक छैनन् । मनमा भय त्रासले गिज्याउनेछ, विघनहर्ता श्रीगणेशजीको आरधना गर्नु भयो भने राम्रो हुनेछ ।

***तुला* - LIBRA** *(र, रि, रू, रे, रो, ता, ति, तु, ते)*

राशी अनुसार २० र २१ गते ११:३० बजे सम्म राम्रो छैन भने त्यस पछिको समय अत्यन्त राम्रो देखिन्छ । साताभरी नै समय आफ्नो अनुकुल देखिन्छ । आफ्नो कार्यक्षेत्रमा राजनीतिक होस या प्रशासनिक व्यापारीक, बौद्धिक, कलाकारीता कुनै पनि क्षेत्रमा आवद्ध हुनुहुन्छ भने अवस्य पनि तपाईलाई भाग्यले साथ दिनेछ । उन्नती प्रगति हुनुका साथै आर्थिक रूपमा पनि प्रसस्त धन सम्पत्ती प्राप्ती हुने योग बनेको देखिन्छ ।

***वृश्चिक* - SCORPIO** *(तो, ना, नि, नु, ने, नो, या, यि, यु)*

साताको सुरुआतमा नै समयले साथ दिएको छ । आर्थिक रूपमा उन्नती प्रगति हुनुका साथै धन सम्पत्ती प्राप्तिको योग बनेको देखिन्छ । २२ र २३ गतेका दिनहरूमा भने अलिक साबधानी अपनाउनु होला । व्यर्थमा बादबिबाद, मुद्दामामिलामा फस्न सकिन्छ । त्यसैले यी दिनहरूमा होसियार रहनु उचित हुन्छ । २४ गते पछिका दिनहरूभने अत्यन्त राम्रो रहेको छ । सज्जन महापुरूषहरूको सत्संगतले ज्ञानगुनका कुराहरू पनि जान्ने अवसर मिल्ला । आर्थिक रूपमा पनि उन्नती प्रगती हुने योग बनेको देखिन्छ । समग्रमा भन्नुपर्दा यो साता मध्यम रहेको छ ।

***धनु* - SAGITTARIUS** *(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)*

मनमा अनेक प्रकारका तरङ्गहरू पैदा हुने छन् । गरेका कार्यमा सफलता नहुनाले केही चिसोपन उत्पन्न होला । साताको सुरुवातमा केही समस्याहरू आएपनि २२ र २३ गतेका दिनहरूमा भने तपाईलाई समयले साथ दिने छ । केही अधुरा कार्यहरू पनि सफल हुनेछन् । २४ र २५ गतेका दिनहरू खासै राम्रो देखिदैन । जसभन्दा बढी अवजस पाउने देखिन्छ । कहिकतै वादविवाद मुद्दामामिला, कलह झगडा पनि पर्न सक्छ । शत्रुहरूले सि उठाउन सक्छन् । २६ र २७ गतेका दिनहरू भने राम्रो छन् । गरेका कार्यमा सफलता मिल्ने देखिन्छ ।

***मकर* - CAPRICORN** *(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)*

साताको सुरुआतमा नै समयले साथ दिएको छ । घरमा धनसम्पत्ती बित्रने योग परेको देखिन्छ । आर्फले आटेताकेका कार्यहरूमा सफलता पाइएला । २२ र २३ गतेका दिनहरू त्यति फलदायी देखिदैन । कुनै कार्य गर्दै हुनुहुन्छ भने साबधानी अपनाउनु होला । २४ र २५ गतेका दिनहरूमा भने आर्फले सोचेका गरेका कार्यहरूमा सफलता प्राप्ति होला । विग्रीएका काम बन्न सक्नेछन् । यो साता मकर राशी हुनेको समय मध्यम छ । कहिकतै काम बिग्रने मात्रै नभएर बन्ने सम्भावना पनि उच्च नै छ ।

***कुम्भ* - AQUARIUS** *(गु, गे, गो, सा, सि, सु, से, सो, द)*

राशी अनुसार साताको शुरुआतको दुई दिनहरू त्यति राम्रो देखिदैनन् । सावधानी अपनाएर काम गर्नु पर्ने देखिन्छ । त्यस पछिका समय भने अत्यन्त राम्रो छ । आर्फले सोचेका र आँटेका कार्यहरूमा सफलता प्राप्त गर्न सकिने छ । मनोइच्छाहरू पुरा हुनुका साथै आर्थिक रूपमा लाभैलाभ हुने योग बनेको देखिन्छ । मन सामाजिक धार्मिक परोपकार, अरूको भई गर्न तिर जाने देखिन्छ । मनमा शान्ति र हर्षोल्लास बढ्ने देखिन्छ । समग्रमा यो साता निकै उत्तम देखियो ।

**मीन PISCES** (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताका दिनहरू राम्रो रहेका छन् । आर्फले कुनै नयाँ कार्यहरू गर्ने सोचमा हुनुहुन्छ भने कार्य आरम्भ गर्नु पुरा हुने देखिन्छ । सबैको साथ सहयोग इष्टमित्र प्रियजन सँग भेटघाट हुने देखिन्छ । आर्थिक रूपमा उन्नती प्रगति हुनुका साथै मान सम्मान प्राप्ती हुने देखिन्छ । साताका अन्तिम दिनहरू खासै राम्रो देखिदैन । भगवान गौरीशंकरको आराधाना गरेको खण्डमा तपाइको समग्र अवस्या राम्रो हुनेछ ।

## म्याग्दीको ......

जिल्लामा रहेको बिज्ञ केन्द्रमा आवश्यक जनशक्तिको अभाब देखिएको भए पनि यहाँ भएको जनशक्तिबाट जति सक्यो धेरै सेवा प्रवाह गर्ने प्रयास सँधै रहेको सूचना अधिकारी रेग्मीको भनाई थियो । पूर्ण खोाप कार्यक्रम तथा अन्य विविध कार्यक्रमका लागि पनि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमो बजेट ब्यवस्था भएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइका प्रमुख विक्रम बस्यालका अनुसार इकाइ मार्फत म्याग्दी र मुस्ताङका किसानहरूलाई लक्षित गरेर यसवर्ष कुल ४० लाख रूपैयाँ बजेट विनियोजन भएको छ । उहाँका अनुसार इकाइमार्फत यसवर्ष म्याग्दी, बागलुङ र पर्वतमा सञ्चालन भैरहेको सुन्तला जोनतर्फ ५३ लाख ८५ हजार, म्याग्दीको बेनी नगरपालिका, रघुगंगा र अन्नपूर्ण गाउँपालिका कार्यक्षेत्रमा आलु जोनका लागि १६ लाख ६८ हजार तथा म्याग्दी जिल्लाभर बंगुर जोनतर्फ २८ लाख ८० हजार रूपैयाँ बजेट रहेको छ ।

उक्त सार्वजनिकिकरण कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभा सदस्य एवं पूर्वमन्त्री रेशमबहादुर जुग्जाली (सुविन)ले तीनवटै कार्यालयमा प्राप्त बजेट र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । जिल्ला समन्वय समिति म्याग्दीका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीको अध्यक्षता र विज्ञ केन्द्रका सूचना अधिकारी रेग्मीको सञ्चालनमा सम्पन्न कार्यक्रमको कृषि ज्ञान केन्द्र प्रमुख बाँस्तोलाले समापन गर्नुभएको थियो । कार्यक्रममा सहभागी किसानहरूले आ-आफ्नो धारणा तथा सुझावसहित विनियोजित बजेट र कार्यक्रमको पूर्ण कार्यान्वयन हुनुपर्ने बताउँदै किसानमैत्री बनाएर सञ्चालन गर्नुपर्ने माग गरेका छन् ।

राज्यको ठूलो जनशक्तिको मेहनत र सक्रियता रहने कृषि क्षेत्रमा बजेट कम भएको कृषकहरूले गुनासो राखेका थिए । कृषकलाई प्रोत्साहन गर्नका लागि उत्पादन तथा विक्रिमा अनुदान बढाउनु पर्ने समेत कृषकको माग थियो । अन्य सरोकारवालाहरूले अनुदानका बारेमा पुनःबिचार गर्नु पर्ने बताएका थिए । अधिकांशले अनुदान पहिला भन्दा पनि बिक्रीका आधारमा दिनु पर्ने तर्फ राज्यले पोलिसि बनाएर अगाडी बढ्नु पर्ने बताएका थिए ।




संघ संस्था दर्ता नियमन तथा व्यवस्थापन सम्बन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयकलाई चुस्त बनाउनाका लागि म्याग्दीबाट सुझाब सगै ध्यानाकर्षण पत्र पठाइएको छ । गृह मन्त्रालयले राष्ट्रिय निर्देशन ऐन २०१८, संस्था दर्ता ऐन २०३४ र समाज कल्याण ऐन २०४९ लाई एकीकृत गरी संघसंस्था दर्ता नियमन तथा व्यवस्थापन समबन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयक २०८२ को मसौदा सार्वजनिक गरेको थियो । उक्त बिधेयक उपर केही दफा संसोधन र केही दफालाई हटाउन माग गर्दै म्याग्दीका विभिन्न संघ संस्थाले जिल्ला प्रशासन मार्फत गृह मन्त्रालयमा सुझाब बुझाएका हुन् ।













लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :*erupse@gmail.com*, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी